Volume 02, Issue 01, 2024. PP. 115–122
https://doi.org/10.62078/grks.2024.v02i01.011
Research Article

GS WOW
Wisdom of Worthy Research Journal

# अनुसन्धानको आधारमा बहुभाषिक कक्षामा समूह विभाजनः समस्या र समाधान

**हेमा जोशी**
विद्यावारिधि अनुसन्धानरत, सुदूरपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पस, कञ्चनपुर, नेपाल

## ARTICLE INFO

***Corresponding Author***
Hema Joshi

***Email***
*joshihema262@gmail.com*

***Article History***
*Received: 14 October 2023*
*Accepted: 25 November 2023*

***Orcid***
*https://orcid.org/0009-0002-1895-4489*

***Cite***
Joshi, H. (2023). अनुसन्धानको आधारमा बहुभाषिक कक्षामा समूह विभाजनः समस्या र समाधान *GS WOW: Wisdom of Worthy Research Journal.* 2(1), 115–122.
https://doi.org/10.5281/zenodo.12606865

## लेखसार (ABSTRACT)

प्रस्तुत आलेख अनुसन्धानका आधारमा बहुभाषिक कक्षामा समूह विभाजनः समस्या र समाधान बारे अध्ययनमा केन्द्रित छ । विविध मातृभाषी भएका विद्यार्थीहरूको कक्षा बहुभाषिक कक्षा हो । नेपाल बहुभाषी र बहुजाति मुलुक भएका कारण नेपालका ग्रामीणभन्दा सहरी क्षेत्रमा बहुभाषिक कक्षा बढी देखिन्छन् । यस्तो कक्षामा नेपाली भाषा शिक्षण चुनौतीपूर्ण हुन्छ । नेपालका सामुदायिक विद्यालयहरूमा नेपाली मातृभाषा हुनेहरूका हकमा शिक्षाको पूर्ण माध्यमका रूपमा मातृभाषा सम्भव रहेको र नेपाली भाषा दोस्रो भाषाका रूपमा सिक्ने विद्यार्थीहरूका लागि भने आवश्यकतानुसार मौखिक मात्र भए पनि मातृभाषाको प्रयोग गरी शिक्षण सहजीकरण गरिदिनु पर्ने स्थितिलाई बहुभाषी कक्षाको अर्थमा लिइएको छ । लेख तयार पार्ने सन्दर्भमा मूलतः पुस्तकालयको उपयोग गरी सङ्कलन गरिएका प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरूबाट प्राप्त तथ्यलाई तर्क, प्रमाण र उदाहरणका आधारमा वर्णनात्मक विधिद्वारा विश्लेषण गरिएको छ । बहुभाषिक मुलुकमा भाषाबारे व्यवस्थित भाषानीति र योजना आवश्यक हुन्छ। प्रस्तुत अध्ययनमा अनुसन्धानको आधारमा बहुभाषिक कक्षामा समूह विभाजनको प्रयास भए पनि भाषा शिक्षणका सन्दर्भमा बहुभाषी विद्यार्थीहरूले एउटै भाषामा उपस्थित हुनुपर्दा शिक्षक विद्यार्थी दुवैलाई कठिनाइहरू आउने गरेका छन् । प्रस्तुत लेखमा बहुभाषिक कक्षाको अर्थ, अनुसन्धान र बहुभाषिकताको सम्बन्ध, बहुभाषिकताको आवश्यकता, बहुभाषिक कक्षाका समस्या, बहुभाषी कक्षाको समूह विभाजन को व्याख्या विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ।

**शब्दकुन्जीः** बहुभाषिक कक्षा, मातृभाषा, समावेशी कक्षा, अनुसन्धान

## विषय परिचय

अनुसन्धान मानव सशक्तीकरणको एक महत्त्वपूर्ण पक्ष हो, जसले व्यक्तिहरूलाई बुद्धि प्राप्त गर्न, सूचित निर्णयहरू गर्न र भविष्य निर्धारण गर्न सक्षम बनाउँछ । बाइबलीय, सुक्रेटिक र म्याक्सवेलियन परिप्रेक्ष्यहरू सबैले बुद्धि र विवेकको विकासमा अनुसन्धानको महत्त्वलाई जोड दिएका छन् (Mishra, 2023)।

मानिस ज्ञान, विद्या र विवेकले गर्दा अरू प्राणीभन्दा श्रेष्ठ भएको हो । मानिसले आफ्नो विवेकको प्रयोग गरी आफ्ना धारणा एवम् अनुभवलाई सङ्ग्रहित गर्ने तथा तिनको पुनर्योग गर्ने कार्यमा सक्षम भएको छ । मानिस सभ्यताको विकासको सुरुवाती दिनदेखि नै आफ्नो विवेकको उच्चतम प्रयोग गर्दै नयाँ कुराहरूप्रति उत्सुक र जिज्ञासु हुँदै आएको छ । जसका कारणले मानवले सभ्यताको विकास गर्नुका साथै विज्ञान र प्रविधिको चमत्कार गर्न सफल भएको छ। यी सम्पूर्ण कुरा मानवीय ज्ञान खोज तथा अनुसन्धानले गर्दा सम्भव हुन पुगेको हो । त्यसैले मानवीय ज्ञानको अभिवृद्धि गर्ने महत्त्वपूर्ण अस्त्र अनुसन्धान हो । यसले मानवीय मनका अनेकौँ जिज्ञासाको उत्तर पहिल्याई त्यसको समाधान मात्र नदिई ज्ञानको नवप्रतिपादन समेत गर्दछ। 'सम् + धा+ ल्युट् (अन)' निर्माण प्रक्रियाबाट बनेको 'सन्धान' शब्दको अर्थ जोड्नु, मिलाउनु आदि हुने गर्दछ। यही 'सन्धान' शब्दमा 'अनु' उपसर्ग लागेर बनेको 'अनुसन्धान' शब्दको अर्थचाहिँ खोज, अन्वेषण, गवेषण आदि हुने गर्दछ। यसको विशेष प्रयोग नयाँ कुराको खोजी गर्ने, नयाँ कुराको आविष्कार गर्ने वा नयाँ ज्ञान पत्ता लगाउने भन्ने सन्दर्भमा गरिन्छ

CC BY NC


Copyright (c) 2023: Author(s). Published by Gaurishankar Campus

(भट्टराई, २०७५,पृ.१) । अनुसन्धान भनेको कुनै समस्या वा विषयको पछि लागेर वा त्यसमा केन्द्रित भएर राम्ररी खोजी गर्नु वा पत्ता लगाउनु हुन्छ । अनुसन्धान शब्दलाई शोध, अन्वेषण, गवेषण, आविष्कार शब्दको पर्यायका रूपमा पनि बुझिन्छ । यी शब्दहरूले पनि निरीक्षण, सर्वेक्षण, परीक्षण, अध्ययन–विश्लेषण गरी सत्यको नजिक जाने भन्ने अर्थ दिन्छन् (शर्मा र लुँइटेल, २०६८,पृ.१) ।

## समस्याकथन र उद्देश्य

संविधानको प्रस्तावनामा नेपाललाई बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय राज्यका रूपमा परिभाषित गरिएको छ । बहुभाषिकतालाई आत्मसात् गर्दै राज्यले बहुभाषिक नीति अँगाल्ने र नागरिकलाई मातृभाषामा शिक्षा लिन पाउने व्यवस्था पनि संविधानले गरेको छ । राज्यले भाषा आयोग मार्फत भाषा नीति, शिक्षा, अनुसन्धान र प्रवर्द्धन गर्न योजना निर्माण र विभिन्न कार्य गर्दै आएको छ । अनुसन्धानको आधारमा बहुभाषिक कक्षामा समूह विभाजनःसमस्या र समाधान आलेखका लागि निम्नलिखित समस्याहरु पहिचान गरिएका छन् ः

- अनुसन्धान र बहुभाषिकताको सम्बन्ध कस्तो छ?
- बहुभाषी कक्षामा अनुसन्धानको आवश्यकता र समस्या के के हुन् ?
- बहुभाषी कक्षाको समूह विभाजनका आधारहरू के के हुन् ?

## अध्ययन विधि

प्रस्तुत लेखमा पुस्तकालयीय अध्ययन कार्यका आधारमा द्वितीयक स्रोतहरुबाट सामग्री सङ्कलन गरिएको छ । गुणात्मक अनुसन्धान ढाँचामा आधारित यस लेखमा उपलब्ध अभिलेख सामग्रीहरुबाट तथ्यहरुको सङ्कलन, व्याख्या र विश्लेषण गरी निचोडमा पुगिएको छ। अभिलेख सामग्रीहरुमा सम्बन्धित पुस्तक,पत्रपत्रिका,समीक्षात्मक तथा अनुसन्धानत्मक लेखहरु संलग्न छन्। यिनै सामग्रीको विश्लेषणबाट निष्कर्ष निकालिएको छ।

## बहुभाषिक कक्षाको अर्थ

बहुभाषिक कक्षा भन्नाले एउटै कक्षामा धेरै मातृभाषा बोल्ने विद्यार्थीको उपस्थिति हुनु हो । विद्यालयको कक्षाकोठाभित्र अनेक जातजाति, भाषाभाषी, संस्कृति चालचलनको प्रतिनिधित्व भई भाषिक रूपमा विविधता झल्कनुलाई बहुभाषिक कक्षा भनिन्छ। बालबालिकाहरूको ज्ञान प्राप्त गर्ने मुख्य थलो विद्यालय हो। कुनै पनि विद्यालयले समाजको सूक्ष्म रूपको प्रतिबिम्ब प्रस्तुत गरिरहेको हुन्छ । जसरी एउटा समाजमा धनी–गरीब, शिक्षित–अशिक्षित, जात–जाति, भेष–भूषा, संस्कृति परम्परामा विविधता देखिन्छ त्यसरी नै भाषाभाषीमा पनि विविधता देखिन्छ । समाजका तिनै बालबालिका विद्या आर्जनका लागि विद्यालयमा आउने भएकाले त्यो समाजको विविधता विद्यालयको कक्षाकोठामा प्रष्ट रूपमा प्रतिबिम्बित हुन्छ । यसैले विद्यालयको कक्षाकोठा एउटा सूक्ष्म समाजका रूपमा परिणत हुन पुग्छ । नेपालको राष्ट्रिय जनगणना २०६८ र भाषा आयोगको प्रतिवेदन २०७६ ले नेपालमा ९० वटा भाषा जातजातिका नामका आधारमा, १८ वटा भाषा स्थानका नामका आधारमा र अरु गरी जम्मा १३१ भाषा बोलिने तथ्य देखिएको छ। नेपाल बहुभाषिक देश हो र यहाँ १३१ ओटा मातृभाषा बोलिने तथ्य भाषा आयोग प्रतिवेदन २०७६/७७ ले सार्वजनिक गरेको छ । नेपालको हरेक समुदाय तथा त्यहाँका विद्यालयहरूमा बहुभाषिकता रहेको कुरा उक्त तथ्याङ्कले पनि प्रमाणित गर्छ । एकल भाषी, एकल संस्कृति, एकल परम्परा भएको समाज पाउन मुस्किल छ । त्यसैले हाम्रा कक्षाकोठामा पनि एकभाषी विद्यार्थी मात्र पाइँदैनन् । नेपाल बहुजाति बहुभाषिक देश भएको कुरालाई नेपालको संविधानले समेत स्वीकार गरिसकेको छ। त्यसैले आज हरेक समुदाय आफ्नो भाषा संस्कृतिको जगेर्नामा उद्दत भएको पाइन्छ। हरेक जाति समुदायले आफ्नो भाषालाई महत्त्व दिनु अस्वाभाविक होइन । समाजका भिन्न भाषाका बालबालिकाको उपस्थितिले कक्षाकोठालाई पनि विविधतामय बनाउँछन् । ती भिन्न भाषी भएका बालबालिकालाई एउटै कक्षाकोठामा राखेर शिक्षण गर्नु निकै अप्ठ्यारो कुरा रहेको छ। भाषा शिक्षणका सन्दर्भमा बहुभाषी विद्यार्थीहरूले एउटै भाषामा उपस्थित हुनुपर्दा शिक्षक विद्यार्थी दुवैलाई कठिनाइहरू आउने गरेका छन्।

## अनुसन्धान र बहुभाषिकताको सम्बन्ध

बहुभाषी विद्यार्थी भएको कक्षाकोठाको शिक्षण कार्यलाई उपलब्धि र परिणाममुखी बनाउन शिक्षकका लागि अनुसन्धान आवश्यक हुन्छ। बहुभाषिक कक्षा शिक्षण गर्दा विद्यार्थी, शिक्षक, शैक्षिक सामग्री, पाठ्यपुस्तक आदि विभिन्न पक्षसँग सम्बन्धित समस्याहरू रहेका हुन्छन्। ती समस्याहरूको समाधान गरी शिक्षण कार्यलाई नतिजामुखी बनाउन तथ्यको खोजविन गर्नु पर्दछ। कक्षाकोठामा देखिएका यी समस्याहरूको समाधानका लागि अनुसन्धानमूलक कार्य जस्तै घटना अध्ययन, कार्यमूलक अनुसन्धान,

बालबालिकाको भाषिक सांस्कृतिक पृष्ठभूमिको अध्ययन आदि गर्न सकिन्छ। यसले एकातिर शिक्षकमा परिआएको समस्यामा अनुसन्धान गर्ने कौशलको विकास हुन्छ भने अर्कोतिर बहुभाषिक कक्षाको शिक्षणमा सहजता प्राप्त हुन्छ। यसले विद्यार्थीका आवश्यकता, रुचि, चाहना, आकाङ्क्षका विषयलाई पनि पहिचान गर्न सघाउँछ। कक्षाकोठामा भएको भाषिक विविधतालाई एउटै समयमा शिक्षकले सम्बोधन गर्न नसक्ला र सबै बालबालिकालाई एउटै स्तरबाट हेर्ने, बुझ्ने र व्यवहार गर्ने कार्य पनि उपयुक्त र सान्दर्भिक ठानिँदैन (भट्टराई, २०६४, पृ.१५३)। त्यसैले कक्षाकोठामा उपस्थित भएका विद्यार्थीको बहुभाषिकतालाई सम्बोधन गर्न, बुझ्न र व्यवहार गर्न अनुसन्धानको खाँचो पर्दछ।

**बहुभाषी कक्षामा अनुसन्धानको आवश्यकता**

नेपाल बहुजाति बहुसंस्कृतिले भरिएको सामाजिक विविधता भएको देश हो । यसको सिधा असर विद्यालयका कक्षाकोठाहरूमा पनि परेको हुन्छ । कक्षाकोठामा रहने बालबालिकाहरूमा जातीय, धार्मिक, लैङ्गिक, वैयत्तिक भिन्नताका साथै भाषिक भिन्नता हुन्छ (शै.ज.श.वि.केन्द्र,२०६५,पृ.१) । कक्षाकोठामा रहने विद्यार्थीको सिकाइ क्षमता पनि एकनासको हुँदैन । कुनै विद्यार्थीलाई थोरै सिकाइले पनि पुग्छ भने कुनै विद्यार्थीलाई विशेष सिकाइको आवश्यकता पर्छ । त्यसै गरी हरेक सिकारुका इच्छा चाहना र आवश्यकताहरू पनि फरकफरक हुने गर्दछन् । यस्तो विविधता भएको कक्षाकोठामा अनुसन्धानको आवश्यकता पर्छ । बहुभाषिक कक्षामा अनुसन्धानको आवश्यकतालाई बुँदागत रूपमा यसरी उल्लेख गर्न सकिन्छः

- कक्षाकोठामा रहेका विद्यार्थीको भाषिक पृष्ठभूमि पहिचान गरी सोही अनुरूपका शिक्षण योजना तथा रणनीति तय गर्नको लागि अनुसन्धानको आवश्यकता पर्दछ।
- भाषा शिक्षणका क्षेत्रमा नव सिद्धान्तको प्रतिपादन गर्न यसको आवश्यकता पर्दछ।
- बहुभाषिक कक्षामा प्रयोग गर्न सकिने सामग्रीको विकास गर्नका लागि यसको खाँचो पर्दछ।
- बहुभाषी कक्षामा समावेशी एवम् बालकेन्द्रित सिद्धान्त स्थापित गर्न यसले मद्दत पुऱ्याउँछ।
- भाषिक समझ र सिकाइ पक्षको व्यवस्थापन गर्न सघाउँछ।
- भाषिक सिप शिक्षणका कुरालाई विज्ञान प्रविधिका उपकरणसँग जोड्ने सिपको विकास गराउन सहयोग गर्छ।
- यसले बहुभाषिक कक्षाको भाषिक पक्षको व्यवस्थापन गर्न बल दिन्छ।
- यसले विद्यमान सिकाइका सिद्धान्तहरूको सामान्यीकरणको समर्थन वा खण्डन गर्न मार्ग निर्देश गर्छ।
- यसबाट शिक्षक र विद्यार्थी दुवैमा जिज्ञासु र आलोचनात्मक सोचको विकास गराउन सकिन्छ।
- यसले बौद्धिकताको विकासमा सहयोग गर्छ।

**बहुभाषिक कक्षाका समस्या**

नेपाल बहुभाषीहरूको क्रीडास्थल भएकाले यहाँका विद्यालयहरूमा बहुभाषिक परिवेश रहनु स्वाभाविक छ । कक्षाकोठामा देखिएको बहुभाषिकता तथा विद्यार्थीहरूको अन्तर्वैयक्तिकतालाई सम्बोधन गर्नु निकै चुनौतीपूर्ण रहेको छ । हरेक समुदायका बालबालिकाले आफ्नो मातृभाषामा शिक्षा ग्रहण गर्न पाउने अधिकारलाई सुनिश्चित गर्नु पर्ने अवस्था एकातिर रहन्छ भने अर्कातिर राष्ट्रिय आवश्यकताको मूल धारमा समाहित गर्नु पर्ने पनि हुन्छ । यसरी बालबालिकाका जातिगत, धर्मगत, पेसागत, संस्कृतिगत, भाषागत लगायतका वैयक्तिक आवश्यकतालाई सम्बोधन गरेर उचित व्यवस्थापन गर्न चुनौतीपूर्ण हुन्छ। बहुभाषिक कक्षामा देखिने समस्या तथा चुनौतीहरूलाई यसरी औंल्याउन सकिन्छः

(१) आधारभूत तहका बालबालिकालाई मातृभाषामा शिक्षा दिने कुरा संविधानमा सुनिश्चित गरिएको छ र तद्अनुरूप केही विद्यालयहरूमा मातृभाषामा पठनपाठन सञ्चालन पनि गरिएको छ तर सबै मातृभाषामा पाठ्यपुस्तक तथा सामग्रीको विकास भइसकेको पाइदैन । एउटै कक्षामा बहुभाषिकता भएको अवस्थामा कुनै भाषाको सामग्री उपलब्ध हुनु र कुनै भाषाको सामग्री उपलब्ध नहुने कुराले यस्ता कक्षाकोठाको व्यवस्थापन (समूह विभाजन) गर्न निकै जटिलता उत्पन्न गरेको हुन्छ।

(२) बहुभाषिक कक्षाकोठामा बहुभाषी शिक्षकको अभाव रहनु यसको अर्को चुनौती हो। एकजना शिक्षकले सम्पूर्ण भातृभाषाको ज्ञान राख्नु पनि सम्भव छैन । एक वा दुईभाषी समाज भएको विद्यालयमा त्यस्ता शिक्षक उपलब्ध हुन सक्छन् तर जहाँ मिश्रित (बहुभाषिक) समाजको बसोबास छ त्यहाँका विद्यालयमा बहुभाषी शिक्षकको व्यवस्थापन गर्नु चुनौतीपूर्ण छ।

(३) विभिन्न परिवेश र भूगोलबाट आउने आउने बालबालिकाका मनोकांक्षा, चाहना, रुचि, इच्छालाई ध्यान दिएर शिक्षण गर्न चुनौतीपूर्ण रहेको छ । खास गरेर शिक्षकले विद्यार्थीको मनोविज्ञान बुझेर शिक्षण गर्नु आवश्यक हुन्छ।

(४) भाषा शिक्षकले मातृभाषामा शिक्षण गर्न तत् स्थानमा प्रयोग गरिने भाषाहरू सिक्न तत्पर हुनु पर्ने हुन्छ। एउटा मातृभाषी विद्यार्थीको भाषाका शब्दको ज्ञान शिक्षकलाई थाहा नहुन सक्छ । विद्यार्थीका जातजातिगत, चाँडपर्वसम्बन्धी, धर्मसंस्कृतिसम्बन्धी शब्दका बारेमा बुझ्न शिक्षकले तत्परता देखाउनु पर्दछ।

(५) बहुभाषिक कक्षाका लागि उपयुक्त हुने शैक्षिक सामग्री छनोट गरी विद्यार्थीका आवश्यकता सिकाइ क्षमतालाई आधार बनाएर कक्षा व्यवस्थान गर्न चुनौतीपूर्ण रहेको छ।

(६) बहुभाषी कक्षामा सबै सिपको अभ्यास हुने गरी व्यवस्थापन गर्न कठिन हुने देखिन्छ । एउटै शब्दको पनि फरक फरक भाषामा प्रयोग सन्दर्भ भिन्नभिन्न हुने गर्दछ। कुन भाषामा के कसरी प्रयोग गरिन्छ भन्ने कुरा विद्यार्थीलाई सोधेर प्रयोग गर्न सकिएला तर त्यो आधिकारिक नहुन पनि सक्छ।

(७) कुनै एक भाषाको बाहुल्य रहेको समाजमा अल्पभाषी विद्यार्थीका भाषिक समस्या ओझेलमा पर्ने खतरा रहन्छ।

(८) विद्यालय तहमा भाषा शिक्षण गर्ने अधिकांश शिक्षकहरू नेपाली भाषालाई दोस्रो भाषाका रूपमा सिकेका छन् जसले गर्दा शिक्षकहरूकै द्विभाषिक वा बहुभाषिकताको व्यवस्थापन गर्न कठिन हुने देखिन्छ।

बहुभाषिक परिवेशमा नेपाली शिक्षणलाई सफल र प्रभावकारी बनाउन यस्तो कक्षा शिक्षणमा देखिने समस्याको समाधानतर्फ सम्बन्धित शिक्षक सचेत, योग्य र इमानदार भई समर्पित हुनु पर्दछ। सम्बन्धित पक्षको समेत यसमा चासो आवश्यक हुन्छ। यस्तो कक्षामा शिक्षण गर्ने शिक्षक नै बहुभाषाको ज्ञाता भए झनै राम्रो हुन्छ तर त्यो सम्भव नभएमा सम्बन्धित शिक्षकलाई नै तालिम तथा प्रशिक्षण दिई काम चलाउन सकिन्छ र यस क्रममा विविध भाषाभाषी विद्यार्थीहरूको पहिचान गरेर सोही अनुरूप समूह विभाजन गर्ने, समूहको आवश्यकता अनुरूपका पाठ्य सामग्री उपलब्ध गराउन पहल गर्ने, सोही अनुरूपका द्विभाषिक्बहुभाषिक शिक्षण विधि र प्रविधि रोजेर उपयुक्त ढङ्गले शिक्षण गर्ने, निरन्तर मूल्याङ्कन, अनुगमन, उत्प्रेरणा र पृष्ठपोषण प्रदान गर्ने, आवश्यकता अनुसारका श्रव्य, दृश्य पाठ्य, स्पर्श शिक्षण सामग्रीको प्रयोग गर्ने, सम्बद्ध भाषाभाषीका विद्यार्थीसँग निरन्तर सम्पर्कमा रही त्रुटि वा समस्या समाधानमा सक्रिय रहने, भाषा शिक्षणका सिद्धान्तलाई अपनाउने गर्नाले बहुभाषिक परिवेशमा नेपाली शिक्षणलाई सफल र सार्थक बनाउन सकिन्छ (शर्मा र पौडेल, २०६८,पृ. ४७)।

**बहुभाषिक कक्षाकोठा व्यवस्थापन (समूह विभाजन) को अवधारण**

हाम्रो देश भाषिक विविधताले सम्पन्न मुलुक हो भन्ने कुरा स्पष्ट छ। त्यसैले त्यसको प्रभाव कक्षाकोठाको सिकाइ वातावरणमा पर्ने कुरा निश्चित छ । यसैले बहुभाषिक कक्षाकोठाको उचित किसिमले व्यवस्थापन नगरी अपेक्षित उपलब्धि प्राप्त हुन सक्दैनन्। कक्षाकोठाको सिकाइ वातावरणलाई उचित ढङ्गले सहजीकरणका साथै कक्षाकोठाको व्यवस्थापन गर्नु आवश्यक छ। कक्षाकोठाको व्यवस्थापन भन्नाले शिक्षणका क्रममा कक्षाकोठामा देखिने विविध प्रकारका समस्याहरूको उचित किसिमको सम्बोधन हो । यस अन्तर्गत शैक्षिक सामग्री, स्रोत साधन, प्रक्रियाहरूको बन्दोबस्तीलाई तयारीका साथ समन्वय गर्नु हो । कक्षामा विद्यार्थीका व्यवहारलाई व्यवस्थित तबरले नियन्त्रित गर्ने युक्तिका रूपमा पनि यसलाई बुझ्न सकिन्छ । कक्षा शब्दको शाब्दिक अर्थ नेपाली बृहत् शब्दकोशमा पोखरेल (२०४०) ले पढाइ सञ्चालन गरिने कोठा भनेर उल्लेख गरेका छन् (पृ.१८३)। यसरी शिक्षक विद्यार्थी भेला भएर शिक्षण सिकाइ कार्य सञ्चालन गरिने कोठा नै कक्षा हो। विभिन्न माध्यमबाट शिक्षण सिकाइका गतिविधि सञ्चालन हुने जुनसुकै स्थान विशेषलाई कक्षा र त्यसको उचित किसिमले प्रवन्ध मिलाउने कामलाई कक्षा व्यवस्थापनका रूपमा बुझ्न सकिन्छ (रिमाल, २०७४, पृ. ५२)। यसर्थ कक्षा भन्नाले विद्यार्थीहरू सिक्नको लागि भेला भएको स्थान, सहभागी र सहजकर्ताका बिचमा छलफल गर्ने स्थल, अधिक मानिस सिक्नका लागि उपस्थित भएको स्थल, सिकाइ कार्यको प्रयोग अभ्यास स्थल भन्ने बुझ्न सकिन्छ। परम्परित रूपमा विद्यालयको कक्षा भन्ने बुझाइ रहेको पाइए पनि वर्तमान बदलिदो परिवेशमा साइबर स्पेसमा सञ्चालन भएको भर्चुअल कक्षाले यस बुझाइमा परिवर्तन ल्याएको छ । कक्षाकोठा व्यवस्थापनले शिक्षा प्रणालीले आवश्यकता परिपूर्तिको अनुकूल वातावरण सिर्जना गर्ने कार्यमा मद्दत गर्छ।

**बहुभाषी कक्षाको समूह विभाजन**

आफ्नो विचारलाई अरु समक्ष पुऱ्याउन मानिसले भाषाको प्रयोग गर्दछ । भाषाको प्रयोगबिना मानवीय सामाजिक व्यवहार सञ्चालन हुन असम्भव छ। समाज अनेक भाषाभाषीको साझा थलो भएकाले भाषिक विविधता देखा पर्दछ। बसाइसराइ, रोजगारी वा अन्य कारणले मिश्रित समाजको निर्माण हुने क्रम बढेको छ, जसले संसारका हरेक क्षेत्रमा एक भाषी समुदाय भन्दा बहुभाषी समुदायको बाहुल्य रहेको देखिन्छ। समुदायमा व्यक्तिका आवश्यकता सुविधाजनक तबरले पूरा गर्नमा यसले सहयोग गर्दछ । भाषाले हरेक जातजातिका सामाजिक, सांस्कृतिक, भाषिक लगायतका अन्य विशेषताहरूलाई बोकेको हुन्छ। समुदायमा रहेको यस किसिमको बहुभाषिक स्थिति कक्षाकोठामा पनि देखिन्छ। कक्षाकोठामा देखिने यस किसिमको बहुभाषिक स्थितिलाई वेवास्ता गरेर शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरियो भने बिना अर्थको हुन जान्छ। नेपालको बहुभाषिक परिवेशलाई बुझेर नै नेपाल सरकारले समेत आधारभूत तहका बालबालिकालाई मातृभाषा मै शिक्षा लिन पाउने कानुनी व्यवस्था गरिसकेको छ। बहुभाषिक कक्षा शिक्षणको मात्र कुरा नभएर यो लोप हुने अवस्थामा पुगेका भाषाको संस्कृति, परम्परा, लिपि, कला आदिको संरक्षण र सम्वर्धनको कुरासमेत भएकाले बहुभाषिक कक्षा शिक्षणको आवश्यकतालाई दर्शाउँछ। बहुभाषी कक्षामा रहेका विविध क्षमता, रुचि, चाहना, उमेरका विद्यार्थीहरूमा विविधता भएझैं तिनीहरूको शिक्षण सिकाइको दरमा पनि तीव्र, मन्द हुन्छ । त्यसैले यस्तो विविधता भएका बालबालिकालाई एउटै किसिमको शिक्षणले पुग्दैन । सबै विद्यार्थीहरूले सिकाइ उपलब्धिमा उच्च दक्षता राखून् भनेर बहुभाषी कक्षामा शिक्षण गर्ने शिक्षकले अनुसन्धानका आधारमा विद्यार्थीहरूका समूह निर्माण गरी शिक्षण गर्नु आवश्यक हुन्छ। भाषा सिकाइ क्षमताका आधारमा बहुभाषी कक्षामा विद्यार्थीहरूको समूह विभाजन गर्न आधारहरूलाई निम्न अनुसार प्रस्तुत गरिएको छः

**(१) मातृभाषाको आधार**

बालकले जन्मजात रूपमा सिकेको भाषालाई मातृभाषा भनिन्छ। यो भाषा पहिलो पटक सिकिने हुँदा यसलाई पहिलो भाषा वा भाषा १ तथा स्रोत भाषा पनि भनिन्छ। मातृभाषालाई प्राथमिक प्रयोगको भाषा, सबल भाषा, घरपरिवारको व्यवहारको भाषा, मातृभाषा आदिको रूपमा चिनाउन सकिन्छ । मातृभाषा सिकिसकेपछिका अरु जति पनि सिकेका भाषाहरू दोस्रो भाषा वा भाषा २ तथा लक्ष्य भाषा हुन् । सिकारुले अनौपचारिक रूपमा अनुकरण, सामान्यीकरण, नियमहरूको असचेत प्रयोगबाट अन्धाधुन्ध रूपमा सिकेको होस् वा औपचारिक ढङ्गले सिके पनि सबैभन्दा पहिले सिकारुको स्रोत भाषा मातृभाषा कुन चाँहि हो भन्ने कुराको यकिन गरिनु पर्छ (भट्टराई, २०६४, पृ. १५३) । औपचारिक ढङ्गले भाषाको सिकाइ गर्दा बालबालिकाको भाषा सिक्ने क्षमतालाई हेर्दा उसको भाषिक पृष्ठभूमि पत्ता लगाउन सकिन्छ। भाषा १ बोल्ने कुनै विद्यार्थीले भाषा २ सिक्दा भाषा १ कै प्रभाव देखाउँछ भने यसले त्यसको भाषा सिकाइ क्षमताको गति निर्धाराण गर्न सकिन्छ। यसका साथै उसको भाषिक पृष्ठभूमि समेत थाहा पाउन सकिन्छ । बालकले के कति कसरी कस्तो भाषा सिक्दै छ भन्ने कुरालाई उसको पारिवारिक शैक्षिक स्तर र अवस्थाले पनि प्रभाव पार्दछ। यदि बालकले परिवारबाट सहज वातावरण प्राप्त गऱ्यो भने बालकले कुनै पनि कुरा राम्ररी सिक्दछ। यस आधारमा जुनसुकै मातृभाषी पृष्ठभूमि भए पनि सिक्ने वातावरण राम्रो पायो भने अन्य भाषा पनि सोही अनुसार सहज रूपमा सिक्दछ । त्यसैले बहुभाषी कक्षालाई शिक्षण गर्नु पूर्व बालबालिकाको मातृभाषाको पृष्ठभूमि के कस्तो रहेको छ त्यस आधारमा समूह बनाउनु युक्तिसँगत हुन्छ।

**(२) सामाजिक तथा सांस्कृतिक पृष्ठभूमिको आधार**

हरेक समाजमा आ–आफ्नै संस्कृति, संस्कार, मूल्य र मान्यता हुने भएकाले यस्ता विविधता हरेक विद्यालयका कक्षाकोठामा देख्न पाइन्छ । उनीहरूका आ–आफ्नै धर्म, संस्कार, मूल्यमान्यता, प्रतिष्ठा, रहनसहन, रीतिरिवाज, चालचलन, चिन्तन, आस्था आदि विभिन्न पृष्ठभूमिका हुन्छन् । विद्यार्थीको सांस्कृतिक पृष्ठभूमिका कारणले उनीहरूको सिकाइको गतिमा फरक हुन सक्ने देखिन्छ । सहरी क्षेत्रमा बस्ने अभिभावक र विद्यार्थी तथा दुर्गम हिमाली क्षेत्रमा बस्ने अभिभावक तथा विद्यार्थीको पृष्ठभूमिको परिवेश फरक हुन्छ। हिमाली क्षेत्रमा चिसो हुने भएकाले त्यहाँको रहनसहन, भेषभूषा, पहिरन फरक हुन्छ भने तराइको सहरी क्षेत्रको दृश्य फरक किसिमको देखिन्छ । सहरी क्षेत्रको आधुनिक परिवेशमा हुर्किएको बालकले विज्ञान प्रविधिका कुराहरू जस्तै इमेल, इन्टरनेट, कम्प्युटर,ल्यापटप आदिसँग साक्षात्कार गर्न पाएको हुन्छ भने हिमाली क्षेत्रको बालकले यस्ता कुराको प्रयोग गर्नु त परै जाओस् सुनेको समेत नहुन सक्छ। त्यसैले बहुभाषिक कक्षाकोठाको समूह निर्माण गर्दा बालबालिकाको भाषा, धर्म, संस्कृति, जात, जाति, वर्ग, लिङ्ग आदि कुराको परिवेशलाई ध्यान दिनु

जरुरी हुन्छ (सुवेदी,२०७८, पृ.३०८) । यसरी कुनै विद्यार्थी भाषा सिक्दै छ भने ऊ कुन सांस्कृतिक धरातलबाट आएको हो भन्ने कुरालाई विचार पुऱ्याउनु पर्छ र भाषा सिकाइको क्षमतालाई त्यसकै आधारमा विद्यार्थीको वर्गीकरण गर्नु पर्छ।

(३) **बहुबौद्धिकताको आधार**

बहुबौद्धिकताको सिद्धान्तका प्रतिपादक प्राध्यापक एवं मनोविद् हार्वर्ड गार्डिनर हुन्। उनका विचारमा संसारका हरेक मानिसमा कुनै न कुनै प्रतिभा रहेको हुन्छ। गार्डिनरले व्यक्तिमा सन्तुलित वा सुषुप्त रूपमा रहेका क्षमता वा प्रतिभाहरूलाई बहुबौद्धिकताको रूपमा परिभाषित गरेका छन् । उनले व्यक्तिभित्र आठ प्रकारका बहुबौद्धिकता रहने कुरा बताएका छन् । यस्ता अनेक प्रकारका बौद्धिकता वा प्रतिभा कुनै व्यक्तिमा उच्च स्तरमा क्रियाशील हुन्छन् भने कुनै व्यक्तिमा तिनलाई क्रियाशील गरी शिक्षण सिकाइको कार्यलाई प्रभावकारी बनाउन सकिन्छ (शर्मा, २०७८, पृ. ४१) । गार्डिनरका अनुसार व्यक्तिमा रहने आठ प्रकारका बहुबौद्धिकता यस्ता रहेका छन् मौखिक भाषिक, तार्किक गणितीय, दृश्य स्थानिक, शारीरिक गतिसंवेगी, साङ्गीतिक, पारस्परिक, अन्तरवैयक्तिक र प्रकृतिवादी । गार्डिनरले प्रतिपादन गरेका यी बौद्धिकताले व्यक्तिको व्यक्तिगत प्रतिभा र क्षमतालाई बुझाउँछ । कुनै बालबालिकाले भाषाका वर्ण, ध्वनि, वाक्य, अर्थ भाषासम्बन्धी व्यवहारिक आयामलाई सहज रूपमा लिन्छन् । कुनै बालकसँग तर्कवितर्क गर्ने असाधारण क्षमता हुन्छ भने कुनै विद्यार्थीसँग पोस्टर, स्लाइड, नक्सा आदि बनाउने कुरामा सिपालु हुन्छन्। त्यसै गरेर कुनै विद्यार्थी गीत सङ्गीत, सुर तालमा विशेष दिलचस्पि राख्छन् भने कुनै विद्यार्थी शारीरिक सुगठन तथा शरीरका अङ्गहरूलाई कुशलपूर्वक चलाउन सक्ने अभिनय कला हुन्छ। कुनै विद्यार्थी सूक्ष्म भन्दा सूक्ष्म व्यवहारप्रति संवेदनशील हुन्छन् र अरु व्यक्तिको मनलाई बुझेर व्यवहार गर्न सक्ने क्षमता राख्छन् । कुनै विद्यार्थी प्राकृतिक वातावरणमा रमाउँछन् । विद्यार्थीमा रहने यस्ता अनेक विशेषताको ख्याल बहुभाषिक कक्षाको शिक्षकले गर्नै पर्ने हुन्छ। गार्डिनरका यी आठ प्रकारका बहुबौद्धिकताको अध्ययन मनन गरी विद्यार्थीको वैयक्तिक क्षमतालाई ख्याल गरेर बहुभाषिक कक्षामा समूहको निर्माण गर्नु न्यायसँगत हुन्छ।

(४) **लक्ष्य भाषाप्रति सिकारुको चाहनाको आधार**

बालबालिबाहरूले पहिलो भाषाको सिकाइलाई सहज रूपमा ग्रहण गरिरहेका हुन्छन् भने दोस्रो भाषाको सिकाइलाई असहज र जटिल रूपमा लिइरहेका हुन्छन् । पहिलो भाषालाई बालबालिकाहरूले आधारभूत आवश्यकताका रूपमा सिक्छन् तर दोस्रो भाषा भने उसको चाहनाअनुसार हुन्छ अर्थात आफ्नो आवश्यकताको आधारमा मात्रै दोस्रो भाषा सिक्दछ। सिकारुका चाहना फरकफरक हुने भएकाले कुनै विद्यार्थीको कुनै भाषाप्रति विशेष लगाव, झुकाव हुन सक्दछ अरुको अर्को भाषामा हुन सक्छ । विद्यार्थीको भाषा सिक्ने चाहना जति तीव्र हुन्छ उति नै छिटो उसले भाषालाई ग्रहण गर्दछ । विद्यार्थीमा कुनै कुरा सिकौँ र गरौँ भन्ने चाहनाले भाषा सिकाइतिर अभिप्रेरित गर्दछ । त्यसैले बहुभाषी कक्षामा विद्यार्थीहरूको समूहीकरण गर्दा विद्यार्थीको भाषा सिक्ने चाहनाको तीव्रतालाई पनि ख्याल गरिनु आवश्यक ठानिन्छ।

(५) **सिकाइको तीक्ष्णताको आधार**

बहुभाषिक कक्षाकोठाको विद्यार्थीहरूको समूह विभाजन गर्ने अर्को महत्त्वपूर्ण आधार बालबालिकाको सिकाइको तीक्ष्णताको आधार हो। भाषिक सिप सिकाइको सन्दर्भमा सबै विद्यार्थी एउटै प्रकृतिका हुँदैनन् । कुनै विद्यार्थी असाधारण बुद्धि भएका हुन्छन् भने कुनै विद्यार्थी सुस्त बुद्धिका हुन्छन्। बालबालिकाले सानै उमेरमा देखाउने व्यवहारले उनीहरूको क्षमताको पहिचान गराउँछ । विद्यार्थीले कुनै कुरालाई ग्रहण गर्ने तौर तरिकाबाट उसको स्तर निर्धारण हुन्छ। असाधारण क्षमता भएका विद्यार्थीहरू आफ्नो क्रियाकलाप सहज रूपमा सम्पन्न गर्न सक्षम हुन्छन् । त्यस्ता विद्यार्थी आफ्ना मात्र नभएर अरुलाई पनि सिकाउन सक्ने नेतृत्वदायी अवस्थामा रहन्छन्।

(६) **मनोवैज्ञानिक पक्षको आधार**

कक्षाकोठामा रहेका विद्यार्थीहरूको मानसिक अवस्था एकैनासको हुँदैन । विद्यार्थीहरूको मनोवैज्ञानिक सक्षमता, परिपक्वता, सिक्नका लागि तत्परता, उत्प्रेरित हुने अवस्थाले उनीहरूको भाषा सिकाइको गतिमा असर पर्दछ । त्यसैले मानसिक रूपमा तयार नभई शिक्षण गर्न खोज्दा अपेक्षित उपलब्धि हासिल हुन सक्दैन भन्ने कुराको हेक्का राख्नु पर्छ । तसर्थ बहुभाषिक कक्षामा शिक्षण गर्ने शिक्षकले सिकारुको मनोविज्ञानमा प्रभाव पार्ने तत्वहरू रुचि, इच्छा, चाहना, आवश्यकता, डर, सङ्कोच, सिकाइको गति जस्ता कुराको पहिचान गरी भाषा शिक्षणका लागि समूह निर्माण गर्नु राम्रो हुन्छ।

(७) **समस्यापरकताको आधार**

भाषा शिक्षणको मुख्य उद्देश्य भनेको भाषाका सिद्धान्तमा दक्षता प्राप्त गर्नु हो। यस सन्दर्भमा सिकारु एउटै

प्रकृतिका हुँदैनन् । कक्षामा रहेका सबै विद्यार्थीका सिकाइ समस्या एउटै प्रकृतिका हुँदैनन् । कुनै विद्यार्थीले भाषाका सबै सिपहरूमा बराबरी किसिमले योग्यता प्राप्त गर्न सक्छन् भने कुनै विद्यार्थीले सबैमा राख्न सक्दैनन् । यस्तो हुनुमा विद्यार्थीहरूका आ–आफ्नै किसिमका समस्याहरू रहेका हुन सक्छन् । विद्यार्थीका आर्थिक, सामाजिक, शारीरिक, मानसिक, वर्गीय आदि समस्याले उनीहरूको सिकाइलाई प्रभावित गरिरहेको हुन्छ । कुनै विद्यार्थीको बढी र कुनै विद्यार्थीको कम सिकाइ किन भयो, किन समान रूपमा तिनीहरूले उपलब्धि प्राप्त गर्न सकेनन् भन्ने कुराको राम्रोसँग विश्लेषण गर्नु पर्दछ । पढ्ने चाहना हुँदाहुँदै पनि आर्थिक अभावले विद्यालय छोड्नु परेको अवस्था, घरदेखि विद्यालय धेरै टाढा भएको अवस्था, अशिक्षित सामाजिक परिवेश, शिक्षालाई महत्त्व नदिने जातीय वर्गीय परिवेशले भाषाको सिकाइमा असर परेको हुन्छ । त्यसैले यस्ता समस्याहरूमध्ये कुन समस्याले बढी प्रभाव पारेको छ त्यस कुराको ख्याल राख्नु आवश्यक ठानिन्छ । यस आधारमा विद्यार्थीको समूह निर्माण गर्नु युक्तिसँगत हुन्छ ।

(८) **वैयक्तिकताको आधार**

एउटै आमाबुबाका सन्तानमा पनि भिन्नता रहेको हुन्छ भने संसारका मानिस एक अर्कादेखि विशेष गुण र भिन्नता नहुने कुरै भएन । त्यसैले एउटै कक्षामा अध्ययन गर्न आउने विद्यार्थीले विभिन्न स्वभाव, विशेषता, क्षमता, चाहना, आकांक्षा, प्रवृत्ति बोकेका हुन्छन् । भाषा सिक्ने कुरालाई व्यक्तिको उमेर, परिपक्वता, व्यक्तित्व, संवेगात्मक पक्ष, उत्प्रेरणा, रुचि, चाहना, पृष्ठभूमि, सामाजिक, आर्थिक, पारिवारिक वातावरण आदिले वैयक्तिक रूपमा विद्यार्थीलाई अरुबाट विशेष र भिन्न पार्दै सिकाइमा असर पार्दछ (भट्टराई, २०६४, पृ. १५४) । कुनै विद्यार्थीले सिकाइको गतिलाई प्रभावकारी ढङ्गले पक्रेको हुन्छ भने कुनै विद्यार्थीलाई विशेष शिक्षणको आवश्यकता पर्दछ । यसै गरी कुनै विद्यार्थीले शिक्षकका मौखिक कुरालाई आधार बनाउँछ भने कुनै विद्यार्थीले त्यसलाई लिपिबद्ध गरेर सिकाइमा अग्रसर हुन्छ । यस किसिमको व्यक्तिगत भिन्नताले सिकाइमा फरकपन ल्याएको हुन्छ । विद्यार्थीले सिकाइको विषयलाई आफू अनुकूल बनाई सिक्नु उसको व्यक्तिगत कुरा हो । त्यसैले बहुभाषिक कक्षामा समूह विभाजन गर्दा विद्यार्थीको व्यक्तिगत परिवेशलाई पनि सम्बोधन गर्नु राम्रो हुन्छ ।

(९) **अन्य भाषाको आधार**

बालबालिकाले आफ्नो घर परिवारमा मातृभाषा सिकेका हुन्छन् भने उमेर बढ्दै जाँदा घर परिवारका अलावा साथीहरूसँगको सम्पर्क, हिमचिम र व्यवहारले अर्को भाषा पनि सिक्दछ । अझ द्विभाषिक र बहुभाषिक परिवेश भएको समाजमा बस्ने बालबालिकाले मातृभाषा बाहेकको दोस्रो भाषा सिक्ने अवस्था रहन्छ र द्विभाषी, बहुभाषी हुने अवस्था रहन्छ । विज्ञान प्रविधिको आविष्कारले विश्वलाई झन नजिक ल्याइएको अवस्थामा अहिले कुनै पनि समाज एक भाषी हुनै सक्दैन ।

बौद्धिक औपनिवेशीकरणले ग्रसित परिप्रक्ष्यमा बास्तपिवक शिक्षाको ज्योती फैलाउनका लागिक शिक्षाका विभिन आयामहरूमध्ये कक्षामा समूह विभाजन एक महत्त्वपूर्ण अभ्यास भएकाले उक्त समूहमा सहभागी प्रत्येक सदस्यको स्वस्फूर्त रूपमा प्रतिस्पर्धी बनाउनका लागि योजनामा आधारित शिक्षा पद्धत्तिलाई अङ्गकृत गर्ने आवश्यकता विश्वभरी भइरहेको बेला नेपालमा पनि यसको बहस सशक्त रूपमा भइरहेको प्रष्ट छ (Mishra & Nepal, 2022; Mishra, 2021; Mishra 2023) ।

## निष्कर्ष

विद्यालय तहमा त्यसमा पनि द्विभाषिक र बहुभाषिक कक्षामा नेपाली भाषाको शिक्षण गर्नु एक चुनौतीपूर्ण कार्य भएतापनि त्यसलाई भाषा शिक्षकले बोझका रुपमा नलिई एक अवसरको रुपमा लिएर शिक्षणका कार्यलाई आगाडि बढाउनु पर्दछ । विद्यार्थीको घरको भाषा एक हुन्छ र पठन पाठनको माध्यम भाषा अर्को हुने हुँदा यसले बालबालिकाको भाषा सिकाइमा प्रत्यक्ष प्रभाव पार्दछ । जसले गर्दा बालबालिका अल्मलिने सम्भावना रहन्छ । त्यस्ता बालबालिकालाई शिक्षकले पहिचान गरी उचित तरिकाबाट शिक्षण गर्नुपर्दछ । विद्याललय तहमा त्यसमा पनि प्राथमिक तहमा द्विभाषिक र बहुभाषिक विद्यार्थीको संख्या बढी हुने र त्यस्तो कक्षामा शिक्षकले प्रभावकारी रुपमा सबै विद्यार्थीहरुलाई समेटेर शिक्षण गर्नुपर्दछ र सहज तरिकावाट शिक्षणका गतिविधिलाई आगाडि बढाउन सकियो भने नेपाली भाषा शिक्षण प्रभाकारी हुन्छ । यस प्रकारको विविधता भएको कक्षामा नेपाली विषयको शिक्षणलाई रुचिपूर्ण व्यावहारीक हुने गरी शिक्षण गर्नु पर्दछ । द्विभाषिक र बहुभाषिक कक्षामा शिक्षकले नेपाली भाषाको शिक्षण गर्दा उनीहरुलाई मातृभाषासँग सम्बन्धित गराई शिक्षण गराउनु पर्दछ । नेपाल भाषिक विविधता भएको देश भएका कारणले त्यसको प्रतिछाँया विद्यालयकाका कक्षाकोठामा पनि देखिन्छ । कक्षामा देखिने बहुभाषिकताको अवस्थालाई

सम्बोधन गर्नु जरुरी हुन्छ। बालबालिकाको भाषा सिक्ने क्षमतालाई उत्प्रेरणा, परिपक्वता, उमेर रुचि, लिङ्ग, पेसा, आत्मविश्वास जस्ता कुराहरूले प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पारिहेको हुन्छ। त्यसैले बहुभाषिक कक्षाको शिक्षणलाई प्रभावकारी बनाउन विद्यार्थीको सामाजिक, आर्थिक, सांस्कृति, शैक्षिक, मनोवैज्ञानिक, शारीरिक, मातृभाषाको आधार र अन्य भाषाको ज्ञान आदि आधारहरूलाई लिनु पर्दछ। यसले विद्यार्थीको भाषिक स्तर निर्धारण गर्नमा मद्दत पुग्दछ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, हेमाङ्गराज (२०५७), नेपाली भाषा शिक्षण, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

अधिकारी, हेमाङ्राज र केदारप्रसाद शर्मा (२०६४), प्रारम्भिक नेपाली भाषा शिक्षण, छैटौं संस्क. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

अधिकारी,हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०७४), प्रयोगात्मक नेपाली शब्दकोश, काठमाण्डौँ: विद्यार्थी पुस्तक भण्डार।

केन्द्रीय तथ्याङ्क विभाग (२०६८). नेपालको राष्ट्रिय जनगणना २०६८. काठमाण्डौँ : केन्द्रीय तथ्याङ्क विभाग।

केन्द्रीय तथ्याङ्क विभाग (२०७८). नेपालको राष्ट्रिय जनगणना २०७८. काठमाण्डौँ :केन्द्रीय तथ्याङ्क विभाग।

ढकाल,शान्तिप्रसाद (२०७१).नेपाली भाषा शिक्षण र परिचय . काठमाण्डौँ : शुभकामना प्रकाशन।

पौडेल,राजेन्द्रप्रसाद र भट्टराई,रमेश (२०७७). नेपालको भाषानीति र योजना आधार. काठमाडौँ: इन्टेलेक्च्युअल बुक प्यालेस।

प्रदेश भाषा नीति नमूना,२०७८

भाषा आयोग (२०७५) .शिक्षामा मातृभाषाको प्रयोग सम्बन्धी एकीकृत अध्ययन प्रतिवेदन.काठमाण्डौँ।

भट्टराई, सामप्रसाद (२००७६). तेस्रो सस्क.भाषिक अनुसन्धान विधि परिचयर प्रयोग. शुभकामना प्रकाशन।

भट्टराई, नन्दलाल (२०६४). "विद्यार्थीको भाषिक क्षमता र वर्गीकरणको आधार". सम्प्रेषण. वर्ष ४ अङ्क ४ (१५२-१५५). नेपाली भाषा शिक्षा विभाग।

रिमाल, डिल्लीराम (२०७४). सामुदायिक विद्यालयका प्राथमिक तहमा भाषिक विविधताको उपयोगसम्बन्धी अभ्यासहरूको विश्लेषण. विष्णु रिमाल।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०). नेपाली भाषा र साहित्य शिक्षण. काठमाडौँ : न्यू हिरा बुक्स इन्टरप्राइजेज कीर्तिपुर।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल, (२०६८), नेपाली भाषा शिक्षणका सन्दर्भहरू, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार

शर्मा, ऋषिराम (२०७८). भाषा शिक्षणमा बहुबौद्धिकताको प्रयोग. शिक्षा. वर्ष ३७(५१), ४१-४७. पाठ्यक्रम विकास केन्द्र।

शर्मा, महाश्रम र सुवेदी, कृष्णप्रसाद (२०७८). शिक्षक सेवा आयोग परीक्षा सारथी. गुडविल पब्लिकेसन प्रालि।

Mishra, A.K. (2023). Wisdom of worthy for Madhesh Province. *GS WOW: Wisdom of Worthy Research Journal*. *1*(1),1–6. https://doi.org/10.5281/zenodo.10441517

Mishra, A. K., & Nepal, A. (2022). Be prepared for futuristic sustainable academic operation. *9th International Conference on Modern Education and New Learning Technologies*, 63-67. https://doi.org/10.5281/zenodo.7748843

Mishra, A. K. (2021). What is the best journal to publish your scholarly article? *J Adv Res Const Urban Arch*, *6*(4): 31–33. https://doi.org/10.24321/2456.9925.202113

Mishra, A. K. (2023). Welcome to an action against mental colonialism. *Intellectual Journal of Academic Research*. 1(1), 1–6. https://doi.org/10.5281/zenodo.8273123